**आ.व. ०८२/८३ को पन्ध्रौ बैठक**

आज मिति २०८३ साल जेठ २५ गते सोमबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री ~~जीतमान तामाङ~~ [illegible] | सदस्य का.वा. | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री तेजनाथ पोखेल | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

सहायक स्तर चौथो श्री खिमा डि.सी. [illegible]

का.स. श्री शान्ता लिम्बु [illegible]

## निर्णयहरुः

**निर्णय नं.१**

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री तेजनाथ पोखेलज्यूबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-२**

यस गाउँपालिकाको कक्षा १-८ को लागि तयार भएको स्थानीय पाठ्यपुस्तक (हाम्रो पाथीभरा याङवरक) लाई स्वीकृत गर्ने साथै शिक्षा शाखाबाट पेश बमोजिम पाठ्यपुस्तक निर्माणमा संलग्न १७ विज्ञ शिक्षकहरुलाई पाठ्यपुस्तक लेखन वापत् जनही रु. १५,०००।- का दरले स्थानीय विषयको पाठ्यपुस्तक निर्माण तथा छपाई शिर्षकबाट व्ययभार हुने गरी पारिश्रमिक उपलब्ध गराउने र छपाई गर्नको लागि अनुमति दिने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-३**

पाथीभरा याङवरक गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम कक्षा-११ र १२ मा विज्ञान विषयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति अन्तर्गत यस गाउँपालिकाभित्र स्थायी बसोबास भई यसै गाउँपालिकाको सामुदायिक विद्यालयहरुबाट एस.ई.ई. उत्तीर्ण गरि हाल कक्षा-११ र कक्षा-१२ मा विज्ञान विषय लिई अध्ययन गरिरहेका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनको लागि शिक्षा, युवा तथा खेलकुद शाखाको मितिः२०८३/०२/१३ गतेको विज्ञान छात्रवृत्ति सम्बन्धी सूचना बमोजिम, सूचना म्याद भित्र दर्ता हुन आएका तपसिल बमोजिम ८ वटा माग निवेदनलाई जनही रु.५०,०००।- दरले रकम उपबलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

**तपसिलः**

१. सेसेमा इजम, पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ।
२. संदिप लिम्बु, पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ।
३. निलिमा इजम, पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ।
४. आयुप इजम, पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ।
५. सुगम लिम्बु, पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ।
६. प्रितम लिम्बु, पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ।
७. अप्सन गुरुङ, पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ।
८. अन्मोल डाँगी, पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ।

**निर्णय नं.-४**

यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुबाट मितिः२०८२ साल श्रावण देखि पेश भए बमोजिमको विद्युत बिलको आधारमा विद्यालयलाई विद्युत बिलको महसुल भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-५**

चालु आ.व.०८२/०८३ मा शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम विद्यालय मर्मत संभार अन्तर्गत विनियोजित बजेटबाट यस गाउँपालिका अन्तर्गत रहेको सामुदायिक विद्यालय श्री नवज्योती आधारभूत विद्यालय, थेचम्बु र श्री सरस्वती आधारभूत विद्यालय, थेचम्बुलाई तपसिल बमोजिम बजेट विनियोजन गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

१. श्री नवज्योती आधारभूत विद्यालय, थेचम्बु रु. ९५०००।-
२. श्री सरस्वती आधारभूत विद्यालय, थेचम्बु रु. २००००।-

**निर्णय नं.-६**

चालु आ.व.०८२/०८३ मा शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम प्रति विद्यार्थी लागतको आधारमा तहगतरुपमा निःशुल्क शिक्षाको लागि अनुदान अन्तर्गत कक्षा १-५ लाई रु. २००।-, कक्षा ६-८ लाई रु. ३५०।- र कक्षा ९-१२ लाई रु.४५०।- दरले विद्यालयका विद्यार्थी संख्याको आधारमा रकम उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-७**

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष (औषधीपचार) बाट व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | हर्क माया राई | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | ४०००० | |
| २ | मन माया विष्ट | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | २५००० | |
| ३ | सन्जोग साम्सोहाङ | पाथीभरा याङवरक-५, चाक्सीबोटे, ताप्लेजुङ। | ३०००० | |
| ४ | लोकेन्द्र सुब्बा | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | ३०००० | |
| ५ | गंगा माया लिम्बु | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | २५००० | |

**निर्णय नं.-८**

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रमका लागि विनियोजित बजेटबाट स्थानीय तहभित्रका वैदेशिक रोजगारीमा गई फर्किएका आफ्ना पुर्ख्यौली पेशालाई निरन्तरता दिई रहेका फलामे औजार निर्माण सम्बन्धी पेशा गरिरहेका ५ जना व्यक्तिहरुको सीपलाई प्रविधिसँग जोड्न एक-एक वटा (वेल्डिङ मेसिन) प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-९**

यस गाउँपालिकामा बसोबास गर्ने गर्भवती महिलाहरुले पालिका अन्तर्गतका वर्थिङ सेन्टर तथा अन्य सरकारी/निजी स्वास्थ्य संस्थामा प्रसुति सेवा लिएमा सेवाग्राहीहरुला सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत वितरण गरिने सामाग्रीहरुमा थप लुङ्गी उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-१०**

मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा अन्तर्गतका बर्थिङ सेन्टरहरुमा प्रसुति सेवा लिने गर्भवती महिलाहरुलाई गाउँपालिकाबाट रकम रु.१०००।(अक्षरेपी एक हजार मात्र।) यातायात प्रोत्साहन रकम उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.११**

यस गाउँपालिकाको वडा नं.-५ मा विनियोजित बजेट कृषि कार्यक्रम शिर्षकबाट फलफूलका बिरुवाहरु (आप, लिची, कागती, सुन्तला र एभोकाडो) खरिद गरि वडा नं.-५ का किसानहरुलाई निःशुल्क वितरण गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-१२**

यस गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको मितिः२०८३/०२/१० गते बसेको बैठकले निर्णय गरेको तपसिल बमोजिमको निर्णयहरुलाई अनुमोदन गरी भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

**१. हावाहुरीका कारण घरको छाना उडाएको र आगलागी भई भान्साघर नस्ट भएको व्यक्तीहरु**

| क्र.स. | नामथर | वडा | रकम |
|---|---|---|---|
| १. | योग्य प्रसाद तामाङ | वडा नं. ४ | ३०,००० |
| २. | रंगलाल कामी | वडा नं. ४ | ३०,००० |
| ३. | आश वहादुर थेवे | वडा नं. ६ | ३०,००० |
| ४. | हिम वहादुर तामाङ | वडा नं. ६ | ३०,००० |
| ५. | हर्क वहादुर तामाङ | वडा नं. ५ | ३०,००० |
| ६. | इन्द्र कुमारी राई | वडा नं. ५ | ३०,००० |
| ७. | मन कुमार सुनुवार दिगर्चा | वडा नं. १ | ३०,००० |
| ८. | मुमलाल विश्वकर्मा | वडा नं. १ | ३०,००० |

**२. यस गाउँपालिकाअन्तर्गतका प्रहरी चौकीहरुले माग गरेको सामाग्रीहरुको विवरण**

| | | |
|---|---|---|
| १ | Fire blanket | ३ थान |
| २ | Fire mask | २ थान |
| ३ | Fire बुट | ३ जोर |
| ४ | Fire gloves | ४ जोर |
| ५ | वाल्टि(फलाम सिल्भर) | १ थान |

| | | |
|---|---|---|
| ६ | पानि वर्सादि | ५ जोर |
| ७ | डोरि(सेफ्टि वेल्ट सहित) | २ रोल |
| ८ | त्रिपाल | १ थान |
| ९ | कोदालो | २ थान |
| १० | वाम्फोक | २ थान |
| ११ | वन्चरो | २ थान |
| १२ | मार्तल | १ थान |
| १३ | हम्वर | १ थान |
| १४ | आरा(हाते सानो) | २ थान |
| १५ | First aid box | १ थान |
| १६ | स्टेचर | १ थान |
| १७ | टर्च लाइट | २ थान |
| १८ | हेलोजन लाइट | २ थान |

निर्णय नं.-१३

पाथीभरा याङवरक गाउँपालिकाको आ.व.०८२/०८३ को स्वीकृत रैथाने बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि श्री देउराली महिला कृषक समूह, पाथीभरा याङवरक-२, थेचम्बु र श्री अजम्बरी कृषक आमा समूह, पाथीभरा याङवरक-४, डुम्रिसेलाई छनौट गरि रैथाने बालीको बिउ र तालिम प्रदान गर्ने साथै श्री देउराली महिला कृषक समूहलाई १ थान पिठो पिस्ने मेसिन हस्तान्तरण गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१४

मागमा आधारित आयआर्जन तथा सिपमुलक कार्यक्रममा आधारित सिलाई कटाई तालिम सञ्चालनको लागि खरिद गरिएका सिलाई मेशिन तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई निःशुल्क हस्तान्तरण गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.१५

आ.व.०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको ठेक्का नं. NCB/WORK/PYRK/KPPSKS-03/080/081 को Ch(0+000 to 2+000) Kabeli-Purnedada-Palika Bhawan Sammako (Asphalt Concrete) Kalopatre Sadak निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री श्याम श्री जयशम्भु चक्र जे.भि., ईलामबाट मितिः२०८३/०२/०७ गते प्राप्त म्याद थप निवेदनमा पेश भएका कारणहरु तथा मितिः२०८३/०२/०८ को योजना तथा प्राविधिक शाखाबाट उठान भएको टिप्पणी र आदेश नि.प्र.प्र.अ. मार्फत गाउँपालिका अध्यक्षज्यू समक्ष पेश भएको र अध्यक्षज्यू मार्फत यस गाउँ कार्यपालिकाको बैठकमा पेश भए बमोजिम उक्त निर्माण कार्यको सम्झौता अवधि मितिः२०८३/०८/३० गते सम्मको लागि थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१६

आ.व.०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको ठेक्का नं. SQ/WORK/PYRM/10/CUNETDCT/082/083 को Construction & Upgradation of New and Existing Track Of Dumrise, Chaksibote and Thumbedin Of Pathibhara Yangwarak Rural Municipality निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री पुजा एण्ड आर.डि. कन्सट्रक्सन, फिदिम, पाँचथरबाट मितिः२०८३/०२/०७ गते प्राप्त म्याद थप निवेदनमा पेश भएका कारणहरु तथा मितिः२०८३/०२/२४ को योजना तथा प्राविधिक शाखाबाट उठान भएको टिप्पणी र आदेश प्र.प्र.अ. मार्फत गाउँपालिका अध्यक्षज्यू समक्ष पेश भएको र अध्यक्षज्यू मार्फत यस गाउँ कार्यपालिकाको बैठकमा पेश भए बमोजिम उक्त निर्माण कार्यको सम्झौता अवधि मितिः२०८३/०४/३० गते सम्मको लागि थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१७

आ.व.०८२/०८३ को प्रदेश समपुरक अनुदानतर्फको स्वीकृत कार्यक्रम अनुसारको ठेक्का नं. NCB/WORKS/PYRM/07/CKMBW/082/083 को Construction Of Kalika Ma.Vi. Building Works, Tiringe, Taplejung निर्माण कार्यको लागि मितिः२०८३/०२/३१ गते सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भए पनि निर्माण व्यवसायी श्री ताप्लेजुङ बिल्डर्स प्रा.लि., टोखा, काठमाण्डौंबाट मितिः२०८३/०२/०८ गते प्राप्त म्याद थप निवेदन र उल्लेख विविध कारणहरुका आधारमा उक्त कार्यको लागि निजले माग गरेको थप समयावधी अनुसार मितिः२०८३/०६/३० गते सम्मको लागि म्याद अवधि थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१८

आ.व.०८२/०८३ को संघीय सशर्त अनुदान तर्फको स्वीकृत कार्यक्रम अनुसारको ठेक्का नं. NCB/WORS/PYRK/03/MSACRW/082/083 को Construction and Upgradation of Mewakha-Suketar Asphalt Concrete Road Works निर्माण कार्य चलिरहदा निर्माण स्थलमा आवश्यक BOQ मा भएको Item No 2.1.4 को 2 अन्तर्गत Providing and laying Natural Sand Gravel Subbase (RBM) on prepared Surface, Mixing at OMC and Compacting to Achieve the desired density, complete as per Drawing and Technical Specifications अनुसारको Item विविध कारणले गर्दा आवश्यकता अनुसारको परिमाणमा Sub base materials (RBM) को उपलब्धता सहज नभएको र निर्माण कार्यलाई छोटो अवधिमा सम्पन्न गर्नु पर्ने अवस्था रहेको हुँदा, सो Item साटो नयाँ Item Providing and laying local granular subbase (quarry site) on prepared Surface, Mixing at OMC and Compacting to Achieve the desired density, complete as per Drawing and Technical Specifications को नयाँ दररेट माग गरि भेरिएसन प्रकृयाको लागि अघि बढाउन सर्वसहमतिले निर्णय गरियो।

कार्यपालिकाको निर्णय प्रमाणित